पारस र विनोदले बनाए शतक

# फाइनलमा एपीएफ





**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ फागुन

विभागीय क्लब एपीएफ राजधानीमा जारी काठमाडौं मेयर कप एक दिवसीय क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । उपाधिका लागि अब एपीएफले अर्को विभागीय क्लब नेपाल पुलिस क्लबसँग प्रतिस्पर्धा गर्ने छ। विहीबार मूलपानी मैदानमा भएको समूह चरणको अन्तिम खेलमा काठमाडौं मेयर एघारलाई सात विकेटले पराजित गर्दै एपीएफ फाइनलमा पुग्न सफल रह्यो ।

मूलपानी मैदानमा टस जितेर फिल्डिङ रोजेको एपीएफलाई मेयर एघारले दिएको १ सय ७८ को लक्ष्य एपिएफले ४४.१ ओभरमा ३ विकेटको क्षतिमा पूरा गरेको थियो ।

काठमाडौं मेयर एघारविरुद्ध एपीएफले शुरुवात भने राम्रो गर्न सकेन । स्कोरबोर्डमा एक रन भएका बेला आसिफ शेखलाई गुमाएको थियो । आसिफलाई अनुज चुनाराले पहिलो ओभरमै बोल्ड गरेका थिए । यसैगरी दोस्रो विकेटका लागि शंकर राना र कप्तान शरद भेषावकरले ४३ रनको साझेदारी गरेर एपीएफको पारि अघि बढाएका थिए । काठमाडौंका अनिल खरेलको एल्बीडब्लुको शिकार भएका शंकरले ४९ बलमा ५ चौकाको मद्दतले ३१ रन जोडे । शंकर आउट भएसँगै क्रिजमा आएका भुवन कार्की भने धेरै बेर टिक्न असफल रहे । भुवनलाई काठमाडौंका कप्तान सन्दीप लामिछानले बोल्ड आउट गर्दै पभेलियन पठाएका थिए ।

त्यसपछि चौथो विकेटका लागि एपीएफका कप्तान शरद र सन्दीप जोराले नटआउट १२१ रनको साझेदारी गरेपछि काठमाडौं माथि सात विकेटको सहज जित हात पार्दै एपीएफले फाइनल यात्रा तय गर्न सफल भयो । शरदले १ सय १८ बलमा ५ चौका र १ छक्का मद्दतमा अविजित ६१ रनको योगदान गर्दा सन्दिप जोराले ७९ बलमा ९ चौका मद्दतमा अविजित ६२ रनको योगदान गरे । मेयर ११ का सन्दिप, अनुज र अनिलले समान एक एक विकेट लिए ।

टस हारेर ब्याटिङ गरेको काठमाडौं मेयरल एघारले निर्धारित आभेरको सात बल बाँकी छदैं १ सय ७७ रनमा समेटिएको थियो ।

मेयर ११ का लागि सन्दिप रजाइलीले सर्वाधिक ४८ रनको योगदान गर्दा हरिशंकर शाहले ३६ र विक्रम भुसालले २० रन जोडे । एपीएफका अविनाश बोहोरा र कमलसिंह ऐरीले समान तीन तीन विकेट लिए भए, भुवन कार्की, शरद र वसन्त रेग्मी एक एक विकेट बाँडेका थिए ।

यस्तै, विहीबार नै भएको अर्को खेलमा सुखद् अन्त्य गर्ने क्रममा बागमती प्रदेशले विभागीय क्लब त्रिभुवन आर्मीलाई १० रनले पराजित गरेको छ । बाग्मतीले दिएको २ सय ६७ रनको लक्ष्य पछ्याएको आर्मीले ४८.१ ओभरका सबै विकेट गुमाउदै २ सय ५६ रन मात्र जोड्न सक्यो । आर्मीका कप्तान विनोद भण्डारीले १ सय १९ रन जोड्पनि टोलीको हार भने टार्न सकेनन् ।

ओपनर लोकेश बमले ४६ रन जोडे भने करण केसीले २४ रन जोडे । विनोदले १ सय १४ बलमा ८ चौका र ७ छक्का प्रहार गरेका थिए । बाग्मतीका ओरियो पौडेलले ५ विकेट लिए भने रामनरेश गिरीले एक तथा नन्दन यादव, सोनु देवकोटा र पारसले समान १ विकेट लिए ।

यसअघि टस जितेर ब्याटिङ रोजेको बाग्मतीले ४९.४ ओभरमा सबै विकेट गुमाउदै २ सय ६६ रनको योगफल तयार पारेको थियो । बाग्मतीका लागि पारसले १ सय ३३ बलमा ११ चौका र २ छक्कको मद्दतमा १ सय १९ रन प्रहार गरे । आर्मीका सोमपाल कामीले ५ विकेट लिए ।

# खुमलटारले जित्यो बी डिभिजन लिग



काठमाडौं, मस-सातदोबाटो युथ क्लबले सहिद स्मारक बी डिभिजन लिगको ट्रफी उचालेको छ । दुई खेल अघि नै बढुवा भएको सातदोबाटोले आफ्नो अन्तिम खेलमा रानी पोखरी कर्नर टिम (आरसिटी) लाई पराजित गर्दै लिग च्याम्पियन बन्यो ।

ललितपुरस्थित एन्फा कम्प्लेक्सको मैदानमा भएको लिगको अन्तिम खेलमा सातदोबाटोले आरसिटीलाई १-० गोलअन्तरले पराजित गरेको हो ।

खेलको ६७ औं मिनेटमा सातदोबाटोले गोल गर्दै आफ्नो अन्तिम खेलमा जित निकालेको हो । बिहीबार नै भएको अर्को खेलमा मध्यपुर युथ एसोसिएसनले झम्सिखेल युथ क्लबलाई २-१ गोलअन्तरले पराजित गरेको छ ।

दुई खेलअघि नै सहिद स्मारक ए डिभिजन लिगमा बढुवा भएको सातदोबाटोले २८ अंक बनाएको छ । सातदोबाटोले आफ्नो ११ खेलमध्ये ९ खेलमा जित, १ खेलमा हार र एक खेलमा बराबरी खेल्यो ।

लिगको दोस्रो स्थानमा रहेको खुमालटारले ११ खेलबाट २५ अंकमा लिग सकायो । त्यस्तै, बाँसबारी क्लबले ११ खेलबाट २१ अंक बनाउँदा चौथो स्थानमा रहेको ब्वाइज युनियन क्लबले १७ अंक जोड्यो । त्यस्तै, लिगको पाँचौं स्थानमा मध्यपुर युथ एसोसिएसन रहँदा छैटौंमा श्रीभगवती, सातौंमा नयाँबस्ती, आठौंमा श्री कुमारी, नवौंमा आरसिटी, १० औं स्थानमा टुसाल युथ क्लब रहे ।

# सुदूरपश्चिम स्पोर्टस अवार्डको मनोनयन सार्वजनिक

धनगढी, मस- सुदूरपश्चिम स्पोर्टस अवार्डका सात विधाको मनोनयन सार्वजनिक गरिएको छ । वर्ष २०७६ मा वर्षभरिको प्रदर्शनका आधारमा अवार्ड आयोजक नेपाल खेलकुद पत्रकार मञ्च कैलालीले अवार्ड दिईने ९ विधामध्ये सात विधाको मनोनयन सार्वजनिक गरिएको हो ।

यसअघि दुई पटक पत्रकार सम्मेलन गर्दै चार विधाको मनोनयन सार्वजनिक गरिएकोमा विहीबार थप तीन विधाको मनोनयन सार्वजनिक गरिएको हो ।

विहीवार धनगढीमा पत्रकार सम्मेलनको आयोजना गरी नवजीवन हस्पिटल बर्ष पुरुष खेलाडी, नोभा हस्पिटल बर्ष महिला खेलाडी र दिनेश शोव बर्ष प्रशिक्षक विधाको मनोनयन सार्वजनिक गरिएको हो ।

कैलाली हस्पिटल दोस्रो सुदूरपश्चिम स्पोर्टस अवार्डको बर्ष पुरुष विधा प्रायोजक नवजीवन हस्पिटलका सञ्चालक योगेन्द्र ओझा, नोभा हस्पिटलकी प्रशासकीय अधिकृत सुमन भट्ट र दिनेश सोपका ब्रान्ड निर्देशक आदित्य हमालले मनोनयन सार्वजनिक गरे ।




# Invitation for Bids

## Malikarjun Rural Municipality

**Office of the Rural Municipal Executive**
**Shankarpur, Darchula**
**Sudurpaschim, province Nepal**

## Invitation for Bids for the Ten Bed Hospital Construction Work at Bhorkot(Pasti Hospital)

**Contract Identification No: MRM/NCB/W/5-077/078**
**Date of publication:12th-Mar-2021 (2077/11/28)**

1. Malikarjun Rural Municipality Office **has received agrant** from **GoN** towards the cost of **Ten Bed Hospital Construction Work at Bhorkot (Pasti Hospital)** and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible as per Section V of bidding document..
2. Malikarjun Rural Municipality Office invites electronic bids from eligible bidders for the construction of **Ten Bed Hospital Construction Work at Bhorkot (Pasti Hospital)** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **[Nrs. 8,00,00,000 (Eight Crores)]**
   - Minimum Work experience of similar size and nature: **[2 hospital building projects about NRs.8,50,00,000 (Eight Crore and Fifty Lakhs only)]** for each single contract during the last 10 years.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Malikarjun Rural Municipality,Shankarpur, Darchula,** Email: **mrmdarchula@gmail.com,** may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**
5. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Machhapuchhre Bank Ltd., Malikarjun Branch
   Name of Office: Malikarjun Rural Municipality
   **Office Account no.: 9101524674496041**
6. Pre-bid meeting shall be held at **Office of Malikarjun Rural municipality** at [13:00 Noon on 30-March-2021]
7. Electronic bids must be submitted to the Malikarjun Rural Municipality Office Shankarpur, Darchula through PPMO website www.bolpatra.gov.np. on or before 12:00 Noon on11-Apr-2021 (2077/12/29) . Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 11-Apr-2021 (2077/12/29) at the office of Malikarjun Rural Municipality Office Shankarpur, Darchula.
9. Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of E-bid,amounting to a minimum of 29,00,000/- ( Twenty Nine Lakh only ), which shall be valid for 30 days beyond the validity period of the bid.
10. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
11. Malikarjun Rural Municipality Office, ShankarpurDarchulareserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
12. In Case of Discrepencyor error in Tender notice, bid document and other document of **Ten Bed Hospital Construction Work at Bhorkot (Pasti Hospital)** ,RM reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the Malikarjun Rural municipality Office, Shankarpur, Darchula.

| Contract No. | Description of Works | Bid Security Amount (NRs) | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|
| IFB No. – MRM/NCB/W/5-077/078 | Ten Bed Hospital Construction Work at Bhorkot(Pasti Hospital) | 29,00,000/- | 10,000/- | Hard copy not acceptable |

**Chief Administrative Officer**